मिति: २०८०/०६/११ , बैठक संख्या - ०४

आज मिति २०८०/०६/११ गते बिहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को चौथो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ........................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ........................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ........................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................................

१७. आमन्त्रित प्रशासकीय अधिकृत श्री प्रकाश अधिकारी ........................................

मिति: २०८०/०६/११ , बैठक संख्या - ०४

१८. आमन्त्रित का.वा.वडाध्यक्ष (वडा नं ३) श्री केशर कुमार माङ्युङ........................................................

१९. आमन्त्रित का.वा. वडाध्यक्ष (वडा नं ५) श्री लिला देवि रिजाल........................................................

२०. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी........................................................

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०६/११ , बैठक संख्या - ०४

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।

२. आर्थिक विकास करिडोरद्धारा माग गरिएको आसय पत्र सम्बन्धमा ।

३. बार्षिक समिक्षा सम्बन्धमा ।

४. बार्षिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

५. हिलिहाङ दरबार भेरिएसन आदेश सम्बन्धमा ।

६. सडक मर्मत संभार तथा सरसफाई सम्बन्धमा ।

७. बजार अनुगमन सम्बन्धमा ।

८. रोजगार संयोजक तथा नायब पशु स्वास्थ्य प्राविधिकको करारमा विज्ञापन गर्ने सम्बन्धमा ।

९. विविध ।

क. हिलिहाङ सडक गुरुयोजना सम्बन्धमा ।

ख. पुरानो पकेट विकास कार्यक्रम (निरन्तरता) गर्ने सम्बन्धमा ।

ग. एस.ए.एस. निर्माण सेवाले दायर गरेको रिट उपर कारबाहि गर्ने सम्बन्धमा ।

घ. साझा सहकारी सम्बन्धमा ।

ङ. एम्बुलेन्स प्राप्तीका लागि अनुरोध गर्ने ।

च. मलबासे पहिरो नियन्त्रण सम्बन्धमा ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८०/०६/११ , बैठक संख्या - ०४

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**निर्णय नं. – २**

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक कोरिडोर कार्यालयबाट मिति २०८०।०६।०७ गतेको आशयपत्र पेश गर्ने सम्बन्धमा परिपत्र बमोजिम यस स्थानीय तहमा 'कृषि तथा पशुपन्छी सेवा केन्द्र' निर्माणका लागि पालिकाको स्वामित्वमा रहेको हिलिहाङ गा.पा. वडा नं ४ साविक सिबुवा-८ 'क' कित्ता नं १९०,१९२,१९४ मा निर्माण सम्पन्न हुने गरि आशयपत्र पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. -३**

यस हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा आ.ब. २०७९।८० मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न भएका विविध योजना तथा कार्यक्रमहरुको सेवा प्रवाहको स्तर, सुशासन तथा विकास निर्माणको प्रभाभकारीता तथा वस्तुपरकताको विष्लेषणका सम्बन्धमा अर्न्तक्रिया तथा छलफल सहित मिति २०८०।०६।२९ गते बार्षिक समिक्षा कार्यक्रम गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. -४**

यस हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा आ.ब. २०७९।८० मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न भएका विविध योजना तथा कार्यक्रमहरुको आम नागरिक, सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि मिति २०८०।०६।२९ गते बार्षिक सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. -५**

यस हिलिहाङ गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ मा खोलिएको ठेक्का नं. HRM/NCB/1S2E/WORKS/NOTICE/01/077/078 मा दरबारको सेफ्टी ट्याङ्की र प्यागोडा संरचना लागत अनुमानमा छुटेको, RETAINING WALL को काम निर्माण स्थल परिवर्तन भएकोले परिमाण बढ्न गएको साथै दरबार जस्तो ऐतिहासिक ठाउँमा डि.पी. आर निर्माणको क्रममा झ्यालमा आल्मुनियम प्रयोग गरिएकोले त्यसको ठाउँमा काठको आँखी झ्याल आवश्यक देखिएको साथै पानीले भिज्ने ठाउँमा लोकल कडा काठ प्रयोग गरिएको र सो ठाउँ पानीले भिजी छिट्टै नष्ट हुने देखिएकोले उक्त ठाउँमा क्ले रुफ टायल प्रयोग गर्न मनासिव देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम २(क) बमोजिम भेरिएसनको आवश्यक प्रकृया बढाउन भौतिक पुर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

मिति: २०८०/०६/११ , बैठक संख्या - ०४

**निर्णय नं.-६**

यस हिलिहाङ गाउँपालिकाभित्र वर्खायामका कारण अवरुद्ध भएका सडकहरु मर्मत सम्भार तथा सरसफाईका लागि गाउँपालिकाको विपत व्यवस्थापन कोषबाट खर्च हुने गरि पालिकाको ब्याक-हो- लोडरको प्रयोग गरि देहाय बमोजिमका वडाहरुमा Working Hour को आधारमा कार्य गर्ने/गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्य सञ्चालन क्षेत्र | कार्य घण्टा | कैफियत |
|---|---|---|---|
| १. | १ नं वडा कार्यालय | २० घण्टा | |
| २. | २ नं वडा कार्यालय | ३० घण्टा | |
| ३. | ३ नं वडा कार्यालय | २० घण्टा | |
| ४. | ४ नं वडा कार्यालय | २५ घण्टा | |
| ५. | ५ नं वडा कार्यालय | ३० घण्टा | |
| ६. | ६ नं वडा कार्यालय | ३० घण्टा | |
| ७. | ७ नं वडा कार्यालय | ३० घण्टा | |
| ८. | सल्लेरी-सुभाङ-अमरपुर सडक | १० घण्टा | |

**निर्णय नं - ७**

यस हिलिहाङ गाउँपालिका क्षेत्रका बजार/पसल/व्यवसाय सञ्चालन भएका स्थानहरुमा नियमित अनुमगन तथा सुपरिक्षणका लागि गाउँपालिकाका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाईको नेतृत्वमा देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

- क. उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाई- संयोजक
- ख. सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य
- ग. सामाजिक विकास समिति संयोजक श्री सुष्मा लावती- सदस्य
- घ. आर्थिक विकास समिति संयोजक श्री गंगामाया विश्वकर्मा- सदस्य
- ङ. प्रशासकीय अधिकृत श्री प्रकाश अधिकारी-सदस्य
- च. स्वास्थ्य शाखा प्रमुख श्री चन्द्र प्रसाद शर्मा घिमिरे- सदस्य
- छ. आर्थिक प्रशासन शाखा प्रमुख श्री इश्वरी प्रसाद पाण्डे- सदस्य
- ज. राजश्व प्रशासन शाखा प्रमुख श्री नर बहादुर बोहरा- सदस्य
- झ. सामाजिक विकास शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना-सदस्य सचिव

**निर्णय नं- ८**

यस पालिकाको प्रस्तावित संगठन संरचना तथा स्विकृत दरबन्दी बमोजिम यस गाउँपालिकामा रिक्त रहेक प्राविधिक तर्फको देहायनुसारका अत्यावश्यक कर्मचारीहरु स्थायी पदपुर्ति नभएसम्मका लागि सेवा करारमा अस्थायी पदपुर्ति गरि आधारभुत सेवा प्रवाहमा सहजीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १ | रोजगार संयोजक | अधिकृत स्तर | १ |
| २ | नायब पशु स्वास्थ्य प्राविधिक | सहायक चौथो | १ |

मिति: २०८०/०६/११ , बैठक संख्या - ०४

**निर्णय नं-९**

यस गाउँपालिकासँग सम्बन्धित विभिन्न विषयवस्तुमा देहाय बमोजिमको निर्णय गरियो ।

क. हिलिहाङ गाउँपालिकाको सडक गुरुयोजना २०८० परिमार्जन सहित पारित गर्ने ।

ख. आ.व.०७९/८० मा तरकारी पकेट विकास कार्यक्रम संचालन गर्ने तपशिल बमोजिमका समुहहरुलाई प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम आ.व. ०८०/०८१ मा निरन्तरताको लागि तपशिल बमोजिमको बजेट सहित छनौट गर्ने ।

| क्र.सं. | समूहको नाम | ठेगाना | बजेट |
|---|---|---|---|
| १. | नयाँ सुर्योदय आई.पि.एम कृषक समुह | हिलिहाङ-७ | २.५ लाख |
| २. | आद मुखी कृषि तथा पशुपन्छी पालन समुह | हिलिहाङ-१ | २.५ लाख |

ग. गाउँपालिकाको प्रशासकीय भवन निर्माण व्यवसायी श्री एस.ए.एस. कन्स्ट्रक्शन प्रा.लि.ले रिट निवेदक भई यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी पाँचथरलाई प्रत्यर्थी बनाई श्री उच्च अदालत पाटनमा दायर गरेको रिटको उत्प्रेषण समेतको रिट निवेदनको सूचना म्याद मिति २०८०।०६।०४ मा प्राप्त भएकोले सो रिट निवेदन दावीको सम्बन्धमा आफ्नो लिखित जवाफ पेश गर्ने लगायतका कानुनी परामर्श तथा कानुनी सेवाका लागि आवश्यक कानुन व्यवसायी नियुक्त गर्न समेत यस हिलिहाङ गाउँ कार्यपालिका कार्यालयका राजश्व प्रशासन शाखा प्रमुख सहायक पाँचौ श्री नर बहादुर बोहरा लाई अख्तियारी दिने ।

घ. साझा सहकारी अमरपुरले ऋणिहरुको जग्गा धनिपुर्जा जिल्ला मालपोत कार्यालय पाँचथरमा रोक्का गरि राखेकोमा उक्त जग्गा धनिपुर्जा फुकुवाका लागि निज जग्गा धनिले जिल्ला मालपोत कार्यालयबाट प्रमाण लिई आएमा सिफारिस गर्ने ।

ङ. यस गाउँपालिकासँग मौजुदामा रहेको १ थान एम्बुलेन्स अत्यन्त जिर्ण अवस्थामा रहेको र तत्काल कुनै पनि स्रोतबाट खरिद वा प्राप्ती हुन सक्ने अवस्था नरहेका कारण काठमाण्डौ महानगरपालिकाले अनुदानमा वितरण गर्ने एम्बुलेन्स प्राप्तीका लागि अनुरोध गर्ने ।

च. यस गाउँपालिकाको वडा नं ५ स्थित मालबासे पहिरोका कारण उत्पन्न जोखिमको नियन्त्रणका लागि कार्यालयबाट अनुगमन गरि तत्काल आवश्यक कारबाही अगाडी बढाउने ।

छ. तमोर नदी, कावेली खोला तथा हेवा खोलाको ढुङ्गा, गिटी, वालुवाको उत्खननको लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रक्रियाको लागि हिलिहाङ गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय कार्यविधि-२०७७ को दफा १४ बमोजिम कार्यसूची तथा प्रतिवेदन स्वीकृति पुर्व प्राविधिक पक्षको अध्ययन, विश्लेषण तथा पुनरावलोकन गरी कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने ।

देहाय :-

१. हिमाल पुरी - संयोजक

२. दुर्गा प्रसाद तिमसिना - सदस्य

३. गम्भिर राई - सदस्य सचिव

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत